नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ | अंक ८६ | २०८३ साल कात्तिक १४ गते शनिबार (31 Oct 2026 Saturday) | मूल्य रु. ५/-

Log in : *rajbirajdainik.com.np*

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

यस अंक भित्र : २ पृष्ठमा : मधेसमा झन्डै नौ अर्ब.. ३ पृष्ठमा : सीमा सुरक्षा र द्विपक्षीय सहकार्य ... ३ पृष्ठमा हर्मुजमा बारुदी सुरुङ विस्फोट,..

सप्तरीमा आन्तरिक राजश्व कार्यालय स्थापना गर्न नदिन ठूलै प्रपञ्च रचिदै

सहमति विपरीत करदाता सेवा कार्यालयका कर्मचारी तानिए

- आन्तरिक राजश्व कार्यालय स्थापनाका लागि ४५ हजार करदाता हुनु पर्ने प्रावधान
- सप्तरीमा ७८ हजार भन्दा बढी करदाता
- आ.व. २०८१/०८२ मा ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन

नवीन कुमार गुप्ता
राजविराज, १३ कात्तिक ।

राजविराजस्थित करदाता सेवा कार्यालयलाई पूर्ण रुपले बिस्थापित गराउने उद्देश्यले यस कार्यालयमा कार्यरत कर्मचारीलाई सिरहाको लहानस्थित आन्तरिक राजश्व कार्यालयमा तानिएको छ ।

गत वर्ष २०८२ साल कात्तिक १९ गते उद्योग बाणिज्य संघ सप्तरीको अगुवाईमा आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै भएको विभिन्न चरणको आन्दोलन पश्चात् भविष्यमा आन्तरिक राजश्व कार्यालय स्थापना हुने गरि आन्तरिक राजश्व विभागसँग भएको सहमति पश्चात् पुनः सो कार्यालय राजविराजमै यथावत राखिएको थियो ।

तर सहमति भएको एक वर्ष बितिसक्दा पनि आन्तरिक राजश्व कार्यालय स्थापनाको प्रक्रिया समेत अगाडी बढ्न सकेको छैन् । बरु अधिकार कटौती गरेर यथावतै रहेको करदाता सेवा कार्यालयको प्रशासनिक कार्यलाई समेत ध्वस्त पार्न अहिले कर्मचारी सरुवा गरि अर्को प्रपञ्च रचिएको छ ।

यस विषयमा आन्तरिक राजश्व कार्यालय लहानका प्रमुख अमित पौडेलले करदाता सेवा कार्यालय राजविराजबाट दुई कर्मचारीको एक वर्ष अघि नै सरुवा भइसकेको जानकारी दिँदै उनीहरु सोही अन्तरगत आन्तरिक राजश्व कार्यालय लहान आएको स्पष्ट पारेका छन् ।

उनले नियमित सरुवा प्रक्रिया अन्तरगत मात्र कर्मचारी सरुवा भएको बताउँदै कात्तिक मसान्तपछी लहानबाट पनि केही कर्मचारी सरुवा हुने र अन्यत्रबाट सरुवा भई लहान आउने कर्मचारी मध्येबाट पुनः राजविराजस्थित करदाता सेवा कार्यालयमा पठाईदिने आश्वासन दिए ।

उनले प्रशासनिक कार्यका लागि कर्मचारी अभाव भएकोले राजविराजबाट दुई जना कर्मचारी लहान तानिएको जानकारी दिँदै हाललाई लहानबाट एक जना कम्प्युटर अपरेटरलाई राजविराज पठाइएको बताए ।

चालु आ.ब. बाट सबै स्थानीय तहमा करदाता सेवा शाखा स्थापना भइसकेको अवस्थामा राजविराजस्थित करदाता सेवा कार्यालयबाट पनि केही कार्य हुने गरेको छ । यद्यपी स्थानीय तहमा रहेका करदाता सेवा शाखाबाट नयाँ पान दर्ता गराउने बाहेक अन्य कुनै काम हुन सकिरहेको छैन् । यहाँस्थित करदाता सेवा कार्यालयबाट पनि उक्त काम गर्ने अधिकारलाई बञ्चित गराइएको छ । करदाताहरुलाई कुनै पान सच्याउनु परेमा लहान नै पुग्नु पर्ने बाध्यता रहेको छ । यसबाहेकका अन्य कार्य गर्न त लहान जानै पर्छ ।

द्वन्दकालको समयमा राजविराजमा रहेको आन्तरिक राजश्व कार्यालय सिरहाको लहान सारिएपछी लामो समयको प्रयास पश्चात् २०७५ सालमा राजविराजमा करदाता सेवा कार्यालय स्थापना गरिएको थियो ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर २०८२ साल भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

नेपाल सरकारले तोकेको लक्ष्य भन्दा बढी राजश्व संकलन गरिरहेको उक्त केन्द्रलाई पछिल्लो पटक २०८२ साल कार्तिक १७ गतेको मन्त्री परिषदको बैठकले सिरहाको लहानस्थित आन्तरिक राजश्व कार्यालयमै गाभ्ने निर्णय गरेको थियो ।

करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो । आन्तरिक राजश्व कार्यालय स्थापनाका लागि जिल्लामा कम्तिमा ४५ हजार बढी करदाता हुनु पर्ने प्रावधान रहेको छ ।

७८ हजार भन्दा बढी करदाता रहेको सप्तरीमा आन्तरिक राजश्व कार्यालय स्थापनाका लागि ठूलै राजनीतिक षडयन्त्र रचिदै छ । तर सप्तरीबाट निर्वाचित सांसदहरु यसप्रति थोरै पनि गम्भिर रहेको देखिदैनन् । सप्तरीबाट ६ जना प्रतिनिधिसभा सदस्य र एक जना राष्ट्रियसभामा प्रतिनिधित्व गरिरहेका छन् । जसमध्ये एक जना नेपाल सरकारमा मन्त्रि समेत छन् ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौ

- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय ....

बसपार्क अझै सुनसान

गणतन्त्र दिवसको अवसर पारेर २०८२ जेठ १५ गते राजविराजस्थित नवनिर्मित बस पार्कको उद्घाटन गरियो । १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण भएको बसपार्क १८ महिना बितिसक्दा पनि संचालनमा आउन सकेको छैन् । पछिल्लो पटक जेनजी युवाहरुको दवावपछि राजविराज बस पार्क सञ्चालनमा आएको थियो । तर अहिले बसापार्क सुनसान देखिन्छ । बि.स.२०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमान सिह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्यवहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले राजविराज बसपार्कको शिलान्यास गरेका थिए ।

पछिल्लो पटक (चौथो पटक) २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन नगरप्रमुख शम्भुप्रसाद यादवले संयुक्त रुपमा बसपार्कको शिलान्यास गरेपछि निर्माण कार्य शुरु भएको थियो । पटक पटक शिलान्यासपछी सुरु भएको बस पार्कको निर्माण कार्यले नगरवासी निकै हर्षित भएका थिए । तर, निर्माण कार्य सम्पन्न भएर उद्घाटन हुँदा समेत संचालनमा नआउनुले नगरवासी दुखित भएका छन् । बसपार्क हुँदा हुँदै पनि राजविराजमा सार्वजनिक सवारी साधन सडक मै पार्किङ्ग हुँदा ट्राफिकको विभिन्न समस्या उत्पन्न हुँदै आएको छ । बजार क्षेत्रको मुख्य सडकबाटै सवारी साधन संचालन हुँदा दुर्घटनाको जोखिम समेत बढाएको छ ।

यस बाहेक बस व्यवसायीहरु सडक जिर्ण रहेको भन्दै बसपार्क सम्म यातायातका साधनहरु जान कठिनाई हुने गरेको भन्दै पन्छिदै आएका छन् । तसर्थ बस पार्क संचालनका लागि नगरवासीदेखी लिएर सरोकारवाला निकाय समेत गम्भिर हुनु आवश्यक छ ।

मधेसमा झन्डै नौ अर्ब सहुलियतपूर्ण कृषि कर्जा प्रवाह

धनुषा, १३ कात्तिक (रासस) ।

मधेस प्रदेशमा रु आठ अर्ब ९९ करोड सहुलियतपूर्ण कृषि कर्जा लगानी भएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाले उक्त रकम कृषि कर्जातर्फ प्रवाह गरेको नेपाल राष्ट्र बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

मधेस प्रदेशका आठ जिल्लामध्ये धनुषामा एक अर्ब दुई करोड रुपैयाँ अर्थात् १६.५४ प्रतिशत र सबैभन्दा कम सप्तरीमा ३० करोड रुपैयाँ अर्थात् ४.८७ प्रतिशत कर्जा प्रवाह भएको छ ।

प्रतिवेदनअनुसार मधेस प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान उल्लेखनीय रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा यस क्षेत्रको योगदान ३४.९७ प्रतिशत रहने अनुमान गरिएको छ ।

त्यस्तै, सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको ०.१४ प्रतिशत रहने अनुमान छ । यस अवधिमा मधेस प्रदेशको प्रतिव्यक्ति जिडिपी अमेरिकी डलर ९३४ रहने अनुमान गरिएको छ ।

कृषि उत्पादनतर्फ मधेस प्रदेशमा फलफूल खेतीले ओगटेको क्षेत्रफल ३३.९९ प्रतिशत र मसला बालीले ओगटेको क्षेत्रफल ४.४६ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल भने ४.४७ प्रतिशत र तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफल १०.१५ प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ ।

उत्पादनतर्फ तरकारी तथा बागवानीमा ०.५४ प्रतिशत र फलफूलमा ४.९९ प्रतिशत वृद्धि भएको छ । खाद्य तथा अन्य बालीको उत्पादन ५.६९ प्रतिशत तथा मसला बालीको उत्पादन ४.४४ प्रतिशतले घटेको छ ।

पशुजन्य उत्पादनतर्फ मासु र अन्डा उत्पादनमा क्रमशः १०.१९ र ३.११ प्रतिशत वृद्धि भएको छ भने दुध उत्पादन २.६७ प्रतिशतले घटेको छ । माछा उत्पादनमा ५.०५ प्रतिशत वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठ उत्पादन ६०.५८ प्रतिशत र दाउरा उत्पादन ७८.६२ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

कृषि, माछापालन तथा वन क्षेत्रमा पनि उल्लेख्य कर्जा प्रवाह भएको छ । २०८३ असार मसान्तसम्म मधेस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट यस क्षेत्रमा रु ५९ अर्ब ८६ करोड ९० लाख कर्जा प्रवाह भएको छ । यो प्रदेशमा प्रवाह भएको कूल कर्जाको १२.१० प्रतिशत हो ।

औद्योगिक क्षेत्रतर्फ बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाहमा सामान्य वृद्धि देखिएको छ । गत आर्थिक वर्ष औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ०.६८ प्रतिशतले वृद्धि भई रु एक खर्ब २८ अर्ब ९७ करोड पुगेको छ ।

अघिल्लो आर्थिक वर्ष यस्तो कर्जा रु एक खर्ब २८ अर्ब नौ करोड रहेको थियो । अध्ययनमा समेटिएका प्रमुख उद्योगको उत्पादन क्षमता उपयोग भारित औसतमा ६४.५९ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

घरजग्गा कारोबारतर्फ मधेस प्रदेशमा गत आर्थिक वर्ष एक लाख १६ हजार २०७ वटा घरजग्गा रजिस्ट्रेसन भएका छन् । यसबाट रु तीन अर्ब २२ करोड राजस्व सङ्कलन भएको छ ।

बैंकिङ क्षेत्रको वित्तीय अवस्थातर्फ २०८३ असार मसान्तसम्म मधेस प्रदेशबाट बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको निक्षेप १७.३२ प्रतिशतले वृद्धि भई रु चार खर्ब ७८ अर्ब ३७ करोड पुगेको छ । सोही अवधिमा कर्जा प्रवाह भने ०.१८ प्रतिशतले घटेर रु चार खर्ब ९४ अर्ब ९५ करोड कायम भएको छ ।

पूर्वाधार विकासतर्फ निजगढ अन्तरराष्ट्रिय विमानस्थल, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं-तराई-मधेस द्रुतमार्ग र राष्ट्रपति चुरे तराई-मधेस संरक्षण कार्यक्रम यस प्रदेशसँग सम्बन्धित प्रमुख आयोजना हुन् । तीमध्ये हुलाकी राजमार्ग निर्माणको गति तुलनात्मक रूपमा तीव्र रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैबीच, वैदेशिक रोजगारीका लागि मधेस प्रदेशबाट श्रम स्वीकृति लिनेको सङ्ख्या उल्लेख्य छ । आर्थिक वर्ष २०८२/८३ मा प्रदेशका एक लाख ७९ हजार ४१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । यो देशभरबाट श्रम स्वीकृति लिने कुल सङ्ख्याको २२.६० प्रतिशत हो ।

राष्ट्र बैंकको अध्ययनले मधेस प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको उच्च योगदान, बैंकिङ कर्जा तथा निक्षेपको अवस्था, औद्योगिक गतिविधि, घरजग्गा कारोबार र वैदेशिक रोजगारीको प्रवृत्तिलाई उजागर गरेको छ ।

चक्रवात 'अर्नब' को प्रभावः भारी वर्षा र हिमपातको चेतावनी

काठमाडौं, १३ कात्तिक (रासस) ।

हाल देशमा पश्चिमी वायुको आंशिक प्रभावसँगै बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्नब'को प्रभाव हिजोदेखि देशका विभिन्न भागमा परेको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार शुक्रबार देशभर साधारणतया बादल लागेको छ । कोशी र बागमती प्रदेशका पहाडी तथा तराई तथा मधेस प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ ।

शुक्रबार दिउँसो अधिकांश स्थानमा बादल लाग्ने तथा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपात हुने महाशाखाको पूर्वानुमान छ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि वर्षा हुने छ ।

मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा केही स्थानमा हुरी चल्ने सम्भावना छ । कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षासँगै हिमपातको सम्भावना पनि छ ।

त्यसैगरी, शुक्रबार राति पनि देशका अधिकांश स्थानमा बादल लाग्नाका साथै मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ । केही स्थानमा भारी वर्षा तथा हिमपात हुने महाशाखाको अनुमान छ ।

महाशाखाले शुक्रबार र शनिबार देशका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना रहेको तथा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षा तथा एकदुई स्थानमा अति भारी वर्षा र हिमपात हुनसक्ने जनाएको छ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भेगका केही स्थानमा पनि भारी वर्षा र हिमपातको सम्भावना छ ।

सम्भावित वर्षाका कारण धानबाली भित्र्याउनेलगायत कृषि कार्य शुक्रबार र शनिबार नगर्न अनुरोध गर्दै महाशाखाले उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी र हिमपहिरोको जोखिम रहेकाले सतर्कता अपनाउन तथा पर्यटकलाई उच्च हिमाली क्षेत्रमा नजान अनुरोध गरेको छ । साथै, त्यस्ता क्षेत्रमा पुगिसकेका पर्यटकलाई मौसम अनुकूल नहुँदासम्म सुरक्षित स्थानमा रहन अनुरोध गरिएको छ ।

वर्षासँगै चिसो बढ्न सक्ने, जोखिमयुक्त स्थान र सडक छेउमा पहिरो खस्ने तथा सडक र हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउन र पूर्वतयारी गर्न सर्वसाधारण तथा सम्बन्धित निकायलाई महाशाखाले आग्रह गरेको छ ।

मधेसमा नयाँ सरकार गठन गर्न तीन दलबीच छलफल

जनकपुरधाम,१३ कात्तिक (रासस) ।

मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि नेकपा (एमाले), जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीबीच छलफल अघि बढेको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई एमालेले गत असोज २५ गते दिएको समर्थन फिर्ता लिएपछि तीन दल नयाँ सरकार गठनको तयारीमा जुटेका हुन् । जनमत पार्टीका नेता तथा प्रदेशसभा सदस्य महेशप्रसाद यादवका अनुसार तीन दलबीच नयाँ सरकार गठनका विषयमा छलफल भइरहेको छ ।

यद्यपि, सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा भने ठोस सहमति भइ नसकेको उहाँले बताउनुभयो । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले जसपा र जनमत पार्टीका नेताहरूसँग नयाँ सरकार गठनका विषयमा संवाद भइरहेको र चाडपर्व सकिएपछि छलफललाई निष्कर्षमा पुर्‍याइने जानकारी दिनुभयो । नयाँ राजनीतिक समीकरणसँगै नयाँ सरकारको नेतृत्वमा भने तीनवटै दलबाट दाबी हुँदै आएको छ ।

प्रदेशसभामा सबैभन्दा ठूलो दल रहेको जसपाले सरकारको नेतृत्व आफूले गर्न पाउनुपर्ने दाबी गर्दै आएको छ । उक्त पार्टी संसदीय दलका नेता सरोजकुमार यादवले तीनवटै दलका अध्यक्षबीच केन्द्रबाटै प्रदेश सरकारको नेतृत्वका विषयमा सहमति जुटाउने समझदारी भएको बताउनुभयो ।

एक सय सात सदस्यीय मधेस प्रदेशसभामा सरकार गठन गर्न कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्नेछ । अहिले यहाँ नेपाली कांग्रेसका २२, एमालेका २३, जसपाका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य रहनुभएको छ । त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य हुनुहुन्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अवस्थित यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

सीमा सुरक्षा र द्विपक्षीय सहकार्य सुदृढ बनाउने साझा प्रतिबद्धता

काठमाडौं, १३ कात्तिक (रासस)।
नेपाल-भारत सीमा क्षेत्रमा हुने अवैध गतिविधि तथा सीमापार अपराध नियन्त्रण गर्न दुवै देशका सीमा सुरक्षा नेतृत्वबीच द्विपक्षीय सहकार्य सुदृढ बनाउने समझदारी भएको छ।

सशस्त्र प्रहरी बल नेपाल र भारतको सशस्त्र सीमा बलका प्रमुख सहभागी 'नेपाल-भारत १०औं समन्वय' बैठकमा अघिल्ला निर्णयको प्रगति पुनरावलोकन गर्दै रणनीति, 'अपरेशनल' र कार्यक्षेत्रका तहमा सहकार्य अभिवृद्धि गर्ने सहमति जुटेको हो।

बैठकले दशगजा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि अनधिकृत खेतीपाती, अतिक्रमण र अवैध संरचना हटाउन निरन्तर संयुक्त प्रयास जारी राख्ने निर्णय गरेको छ। यस्तै 'बाउन्ड्री वर्किङ ग्रुप' र 'सर्भे अफिसियल्स कमिटी'को निर्णयअनुसार सीमास्तम्भको निरन्तर मर्मत, सम्भार तथा पुनर्निर्माण गर्न 'फिल्ड' मा समन्वय बढाउन दुवैपक्ष सहमत भएको सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्कीले जानकारी दिनुभयो।

सीमापार आपराधिक सञ्जाल, अवैध तस्करी, मानव बेचबिखन, नक्कली नोट, लागूपदार्थ नियन्त्रण तथा तेस्रो मुलुकका नागरिकको अनधिकृत आवतजावत रोक्न समयमै प्राप्त हुने सोसँग सम्बन्धित सूचनाको आदानप्रदानलाई निरन्तरता दिइने दुवै पक्षले प्रतिबद्धता व्यक्त गरेका छन्।

खुला सीमाको दुरुपयोग गरी हुने तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्न सीमा नाकामा जाँच र कागजात प्रमाणीकरण कडा बनाउने, दशगजा क्षेत्रमा समन्वयात्मक गस्ती सञ्चालन गर्ने र शङ्कास्पद व्यक्तिबारे तत्काल सूचना आदानप्रदान गर्ने सहमति भएको छ।

सीमा सुरक्षा चुनौतीसँग जुध्न आधुनिक प्रविधि, विशेष तालिम सहायता विस्तार गर्ने र दुवै सुरक्षा निकायबीच नियमित अध्ययन भ्रमणमार्फत संस्थागत सम्बन्ध प्रगाढ बनाउने निर्णय गरिएको छ।

दशगजा क्षेत्रको निगरानीका लागि सिसीटीभी, प्रमुख सीमा नाकामा 'लगेज स्क्यानर' र 'वाक-थ्रु मेटल डिटेक्टर' राख्ने तथा आ-आफ्नो भू-भागमा ड्रोनको प्रयोग बढाउने विषयमा गहन छलफल भएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो।

बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को सामना गर्न चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयमा 'संयुक्त जलउद्धार अभ्यास' सञ्चालन गर्ने सम्बन्धमा समेत छलफल भएको छ।

बैठकमा वैधानिक यात्रुको सहजताका लागि सीमा नाकामा सहायता कक्ष विस्तार गर्ने, मैत्रीपूर्ण खेलकुदका साथै विभिन्न अन्तरराष्ट्रिय दिवस तथा प्रमुख चाडपर्वमा संयुक्त सास्कृतिक कार्यक्रम आयोजना गरी द्विपक्षीय विश्वास र सौहार्दता अभिवृद्धि गर्ने समेत सहमति भएको छ।

राजधानीमा दुई दिनसम्म चलेको बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेल र भारतीय प्रतिनिधिमण्डलको नेतृत्व सशस्त्र सीमा बलका महानिर्देशक सञ्जय सिङ्घलले गर्नुभएको थियो।

सन् २०१२ देखि पालैपालो दुवै देशमा समन्वय बैठक आयोजना हुँदै आएका छन्। आगामी बैठक भारतमा हुनेछ।

बैठकमा नेपाल-भारत सीमा क्षेत्रको समग्र सुरक्षा स्थिति शान्तिपूर्ण कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र सशस्त्र सीमा बलका युनिटले प्रदर्शन गरेको उच्च व्यावसायिकता र सहकार्यको सराहना गरिएको थियो।

भुटानमा हिमताल विस्फोटपछि भारतका सीमावर्ती क्षेत्रमा सतर्कता

काठमाडौं, १३ कात्तिक (रासस)।
भुटानको सिन्ताफु हिमताल विस्फोट भएर आएको बाढीपछि भारतको पश्चिम बङ्गाल र आसाम राज्यको तल्लो तटीय क्षेत्रमा सतर्कता अपनाइएको छ। हिन्दूकुश हिमालय क्षेत्रमा बढ्दै गएका हिमाली जोखिमलाई दृष्टिगत गर्दै प्रभावकारी पूर्वसूचना प्रणाली, नियमित अनुगमन र सीमापार समन्वयलाई थप सुदृढ बनाउनुपर्नेमा विज्ञले जोड दिएका छन्।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार हिमताल विस्फोट हुनुअघि सिन्ताफु तालमा करिब ६० देखि ७० लाख घनमिटर पानी सञ्चित रहेको अनुमान गरिएको थियो। यो परिमाण करिब दुई हजार ४०० देखि दुई हजार ८०० वटा पौडी पोखरीमा अट्ने पानी बराबर हो। विस्फोटपछि बाहिरिएको पानीको वास्तविक परिमाण भने अझै आँकलन भइसकेको छैन।

इसिमोडका महानिर्देशक पेमा ग्याम्छोले भुटानका अधिकारीले समयमै जारी गरेको चेतावनीले नियमित अनुगमन र प्रभावकारी पूर्वसूचना प्रणालीको महत्त्व पुष्टि गरेको बताउनुभएको छ। उहाँले हिमाली क्षेत्रमा विपद्का घटना थप जटिल बन्दै गएकाले जोखिम पूर्वानुमान, पूर्वतयारी र सीमापारस्र सहकार्यमा निरन्तर लगानी आवश्यक रहेको उल्लेख गर्नुभएको छ।

यो घटना गत अगस्टमा नेपालको ग्यिरोङ-रसुवागढी क्षेत्रमा गएको विनाशकारी चट्टान तथा हिमबरफको पहिरो र अक्टोबरको अन्तिम साता गोरखाको बूढीगण्डकी क्षेत्रमा गएको आकस्मिक बाढीपछि भएको हो। यी घटनाले हिमाली क्षेत्रमा देखिएका बहुप्रकोपीय जोखिम र समयमै सूचना प्रवाह गर्नुपर्ने आवश्यकतालाई थप उजागर गरेका छन्।

इसिमोडका अनुसार विपद् जोखिम न्यूनीकरणका लागि जोखिमको प्रकृति पहिचान गर्नुका साथै तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने समुदायको जोखिम र संवेदनशीलता बुझ्न आवश्यक छ। पूर्वसूचना प्रणाली प्रभावकारी हुन सूचना समयमै प्रभावित समुदायसम्म पुग्नुपर्ने र विपद्का बेला के गर्ने भन्ने स्पष्ट जानकारी उपलब्ध हुनुपर्ने संस्थाले जनाएको छ।

इसिमोड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को यसअघिको अध्ययनले कोशी, गण्डकी र कर्णाली नदी बेसिनमा सीमापार फैलिएका ४७ वटा प्रमुख सम्भावित जोखिमयुक्त हिमताल पहिचान गरेको थियो। हालसम्म हिन्दूकुश हिमालय क्षेत्रमा ३८८ वटा हिमताल विस्फोटबाट बाढी (ग्लोफ) का घटना अभिलेख गरिएको इसिमोडले जनाएको छ।

भुटानमा हिमताल जोखिमको अनुगमन गर्ने निकाय राष्ट्रिय जलविज्ञान तथा मौसम विज्ञान केन्द्रले देशभित्रका दर्जनौं सम्भावित जोखिमयुक्त हिमतालको निगरानी गर्दै आएको छ। सन् २०१५ मा सिन्ताफु ताल रहेको मो छु नदीको माथिल्लो जलाधार क्षेत्रमा हिमताल विस्फोटबाट बाढी आएपछि भुटानी अधिकारीले सर्भिर-हिमालय पहलसँग सहकार्य गरी उक्त जलाधार क्षेत्रका हिमतालको जोखिम मूल्याङ्कन गरेका थिए।

इसिमोडले हिन्दूकुश हिमालय क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रीय साझेदारसँग मिलेर अनुगमन, पूर्वानुमान र पूर्वसूचना प्रणाली सुदृढ गर्ने काम गरिरहेको जनाएको छ। यसअन्तर्गत भुटानको लाया र लिङ्जी क्षेत्रमा स्थायी तुषारो (पर्माफ्रोस्ट) को अनुगमन, भुटान, नेपाल र बङ्गलादेशमा बाढी पूर्वानुमान प्रणालीको विकास तथा आकस्मिक विपद्का लागि चेतावनी जारी गर्ने संयन्त्रलाई प्रभावकारी बनाउने काम भइरहेको छ।

त्यस्तै, काठमाडौं १० कार्यबिन्दुमार्फत जोखिमसम्बन्धी सूचना आदानप्रदान, पूर्वसूचनाको मापदण्ड विकास र सीमापार सञ्चारलाई तीव्र बनाउने पहल भइरहेको इसिमोडले जनाएको छ। एसियाली विकास बैंकको सहयोगमा सञ्चालित हिन्दूकुश हिमालय क्षेत्रमा अनुकूलन तथा उत्थानशीलता निर्माण कार्यक्रममार्फत साझा तथ्याङ्क प्रणाली विकास, बहुप्रकोपीय जोखिमको बुझाइ विस्तार र उत्थानशील पूर्वाधार निर्माणमा समेत सहयोग भइरहेको विज्ञप्तिमा उल्लेख छ।

हिमताल विस्फोटलगायतका हिमाली विपद्बाट हुने क्षति न्यूनीकरणका लागि नियमित अनुगमन, समयमै चेतावनी, प्रभावकारी सञ्चार र समुदायस्तरको पूर्वतयारीलाई एकीकृत गर्नुपर्नेमा इसिमोडले जोड दिएको छ।

विश्व समाचार

हर्मुजमा बारुदी सुरुङ विस्फोट, चार ट्याङ्करमा आगलागी

तेहरान, १३ कात्तिक (रासस/एएफपी)।
हर्मुज जलघाँटी पार गर्ने क्रममा समुद्री बारुदी सुरुङमा ठोक्किएपछि चारवटा तेल ट्याङ्करमा आगलागी भएको इरानको सशस्त्र सेनाले जनाएको छ। अमेरिकी सेनाले मुख्य पारवहन मार्गबाट बारुदी सुरुङ हटाइसकेको दाबी गरेको एक दिनपछि इरानले यस्तो जानकारी दिएको हो।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स कोर (आइआरजिसी) का अनुसार पछिल्लो २४ घण्टामा हर्मुज जलघाँटीको अनधिकृत दक्षिणी मार्गबाट पार हुने प्रयास गर्दा तीनवटा ट्याङ्कर विस्फोट भई आगलागी भएको थियो। अर्को ट्याङ्कर पनि प्रतिबन्धित क्षेत्रमा बारुदी सुरुङमा ठोक्किएपछि जलघाँटीको पूर्वी भागमा आगलागी भएको इरानी सेनाले जनाएको छ। सुरुका तीनवटा जहाजले राडार तथा नेभिगेसन प्रणाली बन्द गर्नुका साथै आइआरजिसी नौसेनाको चेतावनी बेवास्ता गरेको विज्ञप्तिमा उल्लेख छ।

यसैबीच, बेलायती सामुद्रिक व्यापार सञ्चालन केन्द्र (युकेएमटिओ) ले ओमानको खसाबबाट करिब २५ समुद्री माइल उत्तरपूर्वमा एउटा ट्याङ्करमा आगलागी भएको जनाएको छ। बन्दरगाहतर्फबाट आएको सानो डुङ्गामा सवार व्यक्तिहरूले जहाजको बाहिरी भागमा दुईवटा विस्फोटक उपकरण जडान गरेपछि इन्जिन कक्षमा आगलागी भएको केन्द्रले जनाएको छ। केही घण्टापछि आगो नियन्त्रणमा आएको र चालक दलका सबै सदस्य सुरक्षित रहेको जानकारी दिइएको थियो।

इरानले पछिल्ला केही सातादेखि यस क्षेत्रमा जहाजहरू समुद्री बारुदी सुरुङमा ठोक्किएको बताउँदै आएको छ। तर, अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले मुख्य पारवहन मार्गका सबै बारुदी सुरुङ हटाइसकेको दाबी गरेको छ। आइआरजिसीका प्रवक्ता हुसेन मोहेबीले भने सामाजिक सञ्जाल एक्समार्फत अमेरिकी पक्षलाई आफ्नो दाबी स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न चुनौती दिनुभएको छ।

फेब्रुअरी २८ मा युद्ध सुरु भएयता इरानले विश्वको कुल तेल खपतको करिब पाँच भागको एक भाग ओसारपसार हुने हर्मुज जलघाँटीमा जहाज आवागमनमा कडा प्रतिबन्ध लगाउँदै आएको छ। अमेरिकाले जवाफमा इरानी बन्दरगाहमा नाकाबन्दी लगाउनुका साथै ट्याङ्करलाई जलघाँटी पार गर्न सहयोग गर्दै आएको छ। सेन्टकमले यसै गर्मीयामदेखि खाडी मुलुकहरूबाट हर्मुज हुँदै एक अर्ब ५० करोड ब्यारेल तेल निर्यात गर्न सहयोग गरेको दाबी गरेको छ।

इरानले ओमानको तट नजिकको दक्षिणी मार्गलाई अनधिकृत मान्दै आएको छ। आइआरजिसीले उक्त मार्गमा बारुदी सुरुङ बिछ्याइएको भन्दै जहाजका मालिक तथा चालक दललाई त्यसको जोखिमप्रति सचेत गराएको छ। यसैबीच, आइआरजिसीले आफ्नो नौसेनाको विद्युतीय युद्ध एकाइले हर्मुजको पश्चिमी क्षेत्रमा कारबाहीका क्रममा अमेरिकी एमक्युएम-१७० जासुसी ड्रोन कब्जा गरेको दाबीसमेत गरेको छ।

गाजामा स्वास्थ्य जोखिम, हेब्रोनमा तीन हजार विस्थापित

संयुक्त राष्ट्रसङ्घ, १३ कात्तिक (रासस/सिन्ह्वा)।
गाजामा हवाई आक्रमण र अन्य घटनाले प्यालेस्टिनी नागरिकको सुरक्षा तथा स्वास्थ्य जोखिममा परेका छन् भने वेस्ट ब्याङ्कको हेब्रोनमा करिब तीन हजार नागरिक विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घले नागरिक र मानवीय सहायता कर्मचारीको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार बुधबार खान युनिसमा भएको हवाई आक्रमणको भग्नावशेषले संयुक्त राष्ट्रसङ्घको गोदाममा प्रहार गर्दा केही कर्मचारी घाइते भएका थिए। पछिल्लो एक सातामा आक्रमण, आगलागी र अन्य घटनाका कारण करिब एक सय प्यालेस्टिनी परिवारले पाल तथा अन्य सामग्री गुमाएका छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजामा श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण प्रमुख स्वास्थ्य समस्या बनेको छ। भीडभाड, खानेपानी तथा सरसफाइको कमजोर अवस्था र उपचारको अभावले सङ्क्रमणको जोखिम बढाएको छ।

यसैबीच, हेब्रोनका दुई छिमेकी क्षेत्रबाट करिब तीन हजार प्यालेस्टिनी विस्थापित भएको स्थानीय अधिकारीहरूले जनाएका छन्। इजरायली सेनाको गतिविधि, प्रवेशमार्ग अवरुद्ध र आवागमनमा लगाइएको प्रतिबन्धले नागरिकको जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच प्रभावित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

ओसिएचएले मानवीय सहायता सामग्री भित्र्याउन लगाइएका प्रतिबन्ध हटाउन, विस्थापितलाई सुरक्षित रूपमा घर फर्कने वातावरण बनाउन तथा थप जबर्जस्ती विस्थापन रोक्न आग्रह गरेको छ। साथै, प्रभावित क्षेत्रमा सहायता टोलीको सुरक्षित र निर्बाध पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्वयंसेवकलाई तालिम

दैनिक समाचारदाता
राजविराज, १३ कात्तिक ।

सप्तरीको हनुमाननगरमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्वयंसेवकलाई सात दिने आधारभूत तालिम सुरु गरिएको छ ।

तिलाठी कोइलाडी गाउँपालिकाका सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्य तथा गाउँपालिकाका प्रतिनिधिहरुको सहभागितामा बिहीबारबाट तालिम सञ्चालन गरिएको हो ।

कोकाकोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबल संगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित "नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना" अन्तर्गत तालिम सञ्चालन गरिएको छ ।

तालिमको उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले गाउँपालिका जलवायुजन्य जोखिम तथा विभिन्न प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेकाले विपद् व्यवस्थापनसम्बन्धी ज्ञान, सीप र पूर्वतयारी क्षमता अभिवृद्धि गर्नु आवश्यक रहेको बताए ।

तालिमका कोर्स संयोजक तथा नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक ठूले राईले तालिममा समेटिएका पाठ्यक्रम, यसको महत्व तथा विपद् जोखिम न्यूनीकरणमा यसले पुर्‍याउन सक्ने योगदानबारे जानकारी दिए ।

मधेश प्रदेशमा बाढी, खडेरी तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुने अन्य विपद्को जोखिमलाई सम्बोधन गर्न पूर्वानुमानमा आधारित पूर्वकार्य र सक्रिय विपद् पूर्वतयारीलाई सुदृढ बनाउने उद्देश्यले सञ्चालन भइरहेको परियोजना संयोजक लक्ष्मण खत्रीले जानकारी दिए ।

तालिममा नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था, बहुप्रकोपीय पूर्वसूचना प्रणाली, पूर्वानुमानमा आधारित पूर्वकार्य, प्राथमिक उपचार तथा आकस्मिक स्वास्थ्य सेवा, घाइतेको जाँच तथा प्राथमिकीकरण, जीवनको आधारभूत सहायता, कार्डियोपल्मोनरी रिससिटेसन, बाढी, पहिरो तथा डुबानमा खोज तथा उद्धार, आगलागी प्रतिकार्य र भूकम्पीय पूर्वतयारी लगायतका विषय समेटिएको छ ।

त्यसैगरी, घाइतेको सुरक्षित स्थानान्तरण, संरचनागत क्षतिको प्रारम्भिक मूल्याङ्कन, खोज तथा उद्धार टोली गठन, व्यक्तिगत सुरक्षा, डोरीको प्रयोग, भारोत्तोलन तथा स्थिरीकरण र सडक दुर्घटनामा घाइतेको उद्धारसम्बन्धी सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक अभ्याससमेत गराइने जनचेतना अभियान नेपालले जनाएको छ ।

कात्तिक १८ गते सम्म सञ्चालन हुने तालिममा तिलाठी कोइलाडी गाउँपालिकाका सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्य तथा गाउँपालिकाका प्रतिनिधि गरी २४ जना सहभागी छन् भने तालिम सञ्चालनका लागि नौ सदस्यीय प्रशिक्षक टोली परिचालित रहेको आयोजक संस्थाले जनाएको छ ।

नागरिकता प्रमाणपत्रको प्रतिलिपि अब अन्य जिल्लाबाट पनि लिन पाइने

काठमाडौँ, १३ कात्तिक (रासस) ।

सरकारले नागरिकता प्रमाणपत्रसम्बन्धी सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाउने उद्देश्यले नेपाल नागरिकता (पाँचौं संशोधन) नियमावली, २०८३ जारी गरेको छ ।

गृह मन्त्रालयले बिहीबार जारी गरेको संशोधित नियमावलीले नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन, अभिलेख व्यवस्थापन गर्न तथा नागरिकतासम्बन्धी सेवा प्रवाहलाई सहज बनाउन नयाँ व्यवस्था गरेको छ ।

नयाँ व्यवस्थाअनुसार अब नेपाली नागरिकले आफूले नागरिकता लिएको जिल्लाभन्दा अर्को जिल्लाबाट पनि नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन सक्नेछन् । त्यसका लागि राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर खुल्ने कागजात पेस गर्नुपर्नेछ । सम्बन्धित व्यक्तिको विवरण नागरिकता सूचना व्यवस्थापन प्रणाली र जैविक विवरण राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग रुजु गरी प्रमुख जिल्ला अधिकारीले प्रतिलिपि जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

नियमावलीले नागरिकता प्रमाणपत्र हराएमा, च्यातिएर काम नलाग्ने भएमा, आगलागी वा पानीका कारण नष्ट भएमा, बसाइँसराइ गरेमा वा नयाँ ढाँचामा आवश्यक परेमा प्रतिलिपि लिन सकिने व्यवस्था गरेको छ ।

यसअघि नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा जानुपर्ने अवस्थालाई सहज बनाउँदै नयाँ नियमावलीले अन्य जिल्लाबाट समेत सेवा लिन सक्ने बाटो खोलेको हो ।

त्यसैगरी, विवाह हुनुअघि नागरिकताको प्रमाणपत्र नलिएकी नेपाली महिलाले नेपाली नागरिक पतिका ठेगानाबाट नागरिकता लिन चाहेमा विवाह दर्ता प्रमाणपत्र र पतिको नागरिकता पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । पतिको मृत्यु भइसकेको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । यस्तो नागरिकता लिन पति वा सासू, ससुरा, जेठाजु, देवर, छोरा वा छोरीमध्ये कम्तीमा एक जना उपस्थित भई सनाखत गर्नुपर्नेछ ।

नियमावलीले नागरिकता प्रमाणपत्र जारी गर्ने कार्यालयले त्यसको अभिलेख सुरक्षित राख्नुपर्ने र निवेदकले पेस गरेका विवरण तथा कागजात नागरिकता सूचना व्यवस्थापन प्रणालीमा राख्नुपर्ने व्यवस्था पनि गरेको छ । जिल्ला प्रशासन कार्यालयले नागरिकता वितरणको मासिक विवरण गृह मन्त्रालयमा पठाउनुपर्नेछ ।

नयाँ व्यवस्थाअनुसार नागरिकता प्रमाणपत्रको अभिलेख तथा नम्बरलाई व्यवस्थित गर्न जिल्लागत र कार्यालयगत कोड, जारी वर्ष र क्रमसङ्ख्याका आधारमा नागरिकता नम्बर कायम गरिनेछ ।

त्यसैगरी, नाबालक परिचयपत्र हराएमा, च्यातिएमा वा आगलागी तथा पानीका कारण नष्ट भएमा प्रतिलिपि लिन सकिने व्यवस्था गरिएको छ । यसका लागि नाबालक वा निजका बाबु वा आमाले प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछन् ।

नागरिकता प्रमाणपत्रसम्बन्धी कामका लागि स्थानीय तहले दिएको सिफारिस ३५ दिनसम्म मान्य हुने व्यवस्था पनि संशोधित नियमावलीमा छ ।

नेपाल नागरिकता ऐन, २०६३ को अधिकार प्रयोग गरी सरकारले जारी गरेको उक्त नियमावली तुरुन्त प्रारम्भ हुने सूचनामा उल्लेख छ ।

गृह मन्त्रालयद्वारा एन प्याब्सनका गतिविधि निलम्वित

काठमाडौँ, १३ कात्तिक (रासस) ।

सरकारले राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) को लाई अर्को निर्णय नभएसम्मका लागि निलम्वन गरेको छ ।

गृह मन्त्रालयले शुक्रबार सार्वजनिक सूचना जारी गरी राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ६ को उपदफा (२) बमोजिम उक्त संस्थाको गतिविधि निलम्वन गरिएको जनाएको हो ।

मन्त्रालयले शुक्रबार जारी गरेको सूचनाअनुसार राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल सरकारको स्वीकृति लिइ सञ्चालनमा रहेको एन प्याब्सनले ऐनको दफा ५ बमोजिम मन्त्रालयबाट जारी निर्देशन पटकपटक पालना नगरेको तथा संस्थाका पदाधिकारीले स्वीकृत विधान र संस्थाको मूल उद्देश्यविपरीतका कार्य गरेको पाइएको छ ।

सो विषयमा मन्त्रालयले सम्बन्धित सरोकारवाला पक्षसँग गत असोज २३ गते छलफल गरी ऐन तथा मन्त्रालयबाट २०८३ मङ्सिर १२ गते जारी निर्देशनबमोजिम कार्य गर्न आग्रह गरेको थियो ।

सो आग्रहबमोजिम कार्य गरेको नदेखिएकाले ऐनको दफा ५ बमोजिमको निर्देशन पालना नगरेको भन्दै दफा ६ को उपदफा (२) अनुसार अर्को निर्णय नभएसम्मका लागि संस्थाको गतिविधि निलम्वन गरिएको गृह मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सूचना जारी भएपछि उक्त संस्थाका नाममा कुनै पनि समूह वा गुटबाट हुने गतिविधि गैरकानुनी हुने र प्रचलित कानुनबमोजिम कारबाही हुनेसमेत स्पष्ट पारेको छ । सो सङ्गठनमा विवाद उत्पन्न भएपछि सुवास न्यौपाने र गीता राणा क्षेत्री नेतृत्वका समानान्तर कार्यसमिति सञ्चालित भएका थिए ।

ट्र्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा प्रहरी जवानको मृत्यु

दैनिक समाचारदाता
रौतहट, १३ कात्तिक ।

रौतहटको फतुवा विजयपुर नगरपालिका ११ राङ्गी टोलमा ट्र्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक प्रहरी जवानको मृत्यु भएको छ भने उनकी श्रीमती गम्भीर घाइते भएकी छन् ।

बिहीबार साँझ करिब ६:३० बजे दुधिअवा-बालचनपुर सडकखण्डमा उक्त दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

प्रहरीका अनुसार दुधिअवाबाट बालचनपुरतर्फ जाँदै गरेको ना २ त ४७८६ नम्बरको ट्र्याक्टर र विपरीत दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०२-०५३ प ८२०२ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए ।

दुर्घटनामा मोटरसाइकल चालक गुजरा नगरपालिका-४ पोखरभिण्डा निवासी ३५ वर्षीय प्रहरी जवान सुभाष चौधरी र मोटरसाइकलको पछाडि सवार उनकी ३० वर्षीया श्रीमती प्रहरी जवान निशा खड्का घाइते भएका थिए ।

दुवै घाइतेलाई उपचारका लागि वीरगञ्जस्थित बयोधा अस्पताल पठाइएकोमा बिहीबार राति ८:१० बजे चिकित्सकले सुभाष चौधरीलाई मृत घोषणा गरेका थिए । उनकी श्रीमती निशा खड्काको अवस्था भने गम्भीर रहेको प्रहरीले जनाएको छ । मृतक चौधरी बारा जिल्लाको इलाका प्रहरी कार्यालय सिम्रौनगढमा कार्यरत थिए ।

जनकपुरधाम-अयोध्या विशेष रेल सेवा सञ्चालनको अन्तिम चरणमा

जनकपुरधाम, १३ कात्तिक (रासस) ।

जनकपुरधामदेखि भारतको पवित्र तीर्थस्थल अयोध्यासम्म विशेष रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणको क्रममा दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा सो विशेष रेल सेवाको उद्घाटन गर्नेगरी तयारी भइरहेको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिनुभयो ।

"प्रधानमन्त्री शाहको भारत भ्रमणको क्रममा उक्त विशेष रेल सेवाको उद्घाटन गर्ने गरी हामी तयारीमा जुटेका छौँ", प्रबन्ध सञ्चालक पराजुलीले भन्नुभयो, "यस विषयमा नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबीच विभिन्न चरणमा छलफल भइरहेको छ ।" उद्घाटनको मिति तय नभए पनि प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा रेल सेवा उद्घाटन गर्ने तयारी भइरहेको छ । प्रधानमन्त्री शाहले मङ्सिर ६ गतेदेखि भारत भ्रमण गर्ने तयारी छ ।

जनकपुरधामबाट अयोध्यासम्म रामायण सर्किटअन्तर्गत विशेष रेल सेवा सञ्चालन गर्न आवश्यक पूर्वतयारीका विषयमा छलफल भइरहेको प्रबन्ध सञ्चालक पराजुलीले बताउनुभयो । नेपालतर्फको रेलखण्डमा नेपाली सुरक्षा निकाय तथा भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु र रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा सैद्धान्तिक सहमति भएको छ ।

केही दिनअघि नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको टोलीले विशेष निरीक्षण यानमार्फत जयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण गरेका थिए ।

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालनमा आएपछि दुई देशबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप सुदृढ हुनुका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई प्रत्यक्ष रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष जीतेन्द्र महासेठले बताउनुभयो ।

विशेष रेल सेवा सञ्चालनले नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने छ । हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ ।

दुई अर्ब १६ करोडको क्रिप्टो कारोबारपछि प्रहरी हिरासतमा

काठमाडौँ, १३ कात्तिक (रासस) ।

गैरकानुनी ढङ्गले क्रिप्टो कारोबार गरेको अभियोगमा धनुषाको सबैला नगरपालिका-१२ का २८ वर्षीय सुनिलकुमार यादव पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार यादवले हालसम्म रु दुई अर्ब १६ करोड एक लाख २० हजार ८२१ बराबरको क्रिप्टो कारोबार गरेका थिए ।

विभिन्न विद्युतीय माध्यम तथा अनलाइन बेटिङ एपमार्फत सट्टेबाजी खेल्ने, खेलाउने र अवैध रूपमा क्रिप्टो करेन्सीको ठूलो कारोबार भइरहेको सूचनाका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको टोलीले जिल्ला धनुषा प्रहरीसँगको समन्वयमा उनलाई पक्राउ गरेको हो ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*